# अख्तियार दुरूपयोग अनुसन्धान आयोग
**Commission for the Investigation of Abuse of Authority**

## स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधी तहमा अध्ययनरत विद्यार्थीहरुलाई भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनको क्षेत्रमा अनुसन्धान वृत्तिका लागि आवेदन दिने सूचना

(प्रथमपटक प्रकाशित : २०७९/०८/२८ )

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंबाट आ.व. ०७९/८० मा विश्वका कुनै पनि मान्यताप्राप्त विश्वविद्यालय तथा आंगिक क्याम्पसहरुमा स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहमा अध्ययनरत २/२ जना गरी जम्मा ६ जना शोधार्थी/विद्यार्थीलाई भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा अनुसन्धान/शोध (Research/Thesis) गर्न अनुसन्धान वृत्ति (Grant) क्रमशः रु १ लाख, १ लाख ५० हजार र २ लाख ५० हजारका दरले उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशित भएको मितिले ४५(पैंतालीस) दिनभित्र आयोगको वेवसाइट मार्फत रितपूर्वक अनलाइन आवेदन दिन आह्वान गरिन्छ ।

अनलाईन आवेदन फाराम आयोगको वेबसाइट मार्फत भरी बुझाउनुपर्नेछ। अनलाईन आवेदन फारम यसै सूचनासाथ संलग्न क्यू.आर.कोड स्क्यान गरी वा आयोगको वेबसाइट www.ciaa.gov.np वा https://bit.ly/3uMAnHI मार्फत भर्न सकिनेछ। आवेदकले आवश्यक कागजात अनलाईन फारमसाथ अपलोड गर्नु पर्नेछ।

### १. शोध अनुदानमा आवेदन गर्नको लागि न्यूनतम योग्यता

क. आवेदक विश्वका कुनै पनि देशका मान्यताप्राप्त विश्वविद्यालय तथा तिनीहरूका आंगिक क्याम्पसहरूमा स्नातकोत्तर, दर्शनाचार्य वा विद्यावारिधि अध्ययनरत रहेको हुनुपर्नेछ।

ख. सोधपत्र तयारी गर्नुपर्ने बर्ष वा सेमेष्टर सुरु भए पश्चात मात्र यस अनुदानमा आवेदन गर्न सकिनेछ।

ग. आवेदक नेपाली नागरिक हुनुपर्नेछ। आवेदकले नेपाली नागरिक रहेको एवं अन्य कुनै देशको आवासीय अनुमति नलिएको वा लिने प्रक्रिया सुरु नगरेको स्वःधोषणा गर्नुपर्नेछ।

घ. आवेदकको अध्ययनको संकाय/विभाग जुनसुकै भएतापनि अनुसन्धान शोधकार्यको मूल विषय सदाचार/सुशासन प्रवर्द्धन वा भ्रष्टाचार नियन्त्रण सम्बन्धी हुनुपर्नेछ।

ङ. अनुसन्धान शोधकार्यका लागि सोधकर्तालाई विश्वविद्यालयले तोकेको निर्देशक, सल्लाहकार वा सम्बन्धित संकायको आधिकारिक सिफारिस मान्य हुने।

च. स्नातकोत्तर र दर्शनाचार्यको हकमा आयोग र सोधार्थीबिच सम्झौता भएको मितिले २ वर्ष र विद्यावारिधिको हकमा आयोग र सोधार्थीबिच सम्झौता भएको मितिले ४ वर्षभित्र अनुसन्धान शोधकार्य

सम्पन्न गरीसक्ने र आयोगबाट प्राप्त अनुदानलाई अनुसन्धान/शोधकार्यमा खर्चगर्ने गरी अनुसूची २ बमोजिमको कबुलियतनामा सहितको प्रतिवद्धता गर्नुपर्नेछ।

छ. निजले अन्य कुनै संस्थाबाट सोही विषयमा शोधकार्य गर्न अनुदान नलिएको हुनुपर्नेछ।

ज. शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि आवेदक आफैले प्रमाणित गरेर निवेदनसाथ संलग्न गर्नुपर्नेछ।

## २. अनलाइन फारमसाथ संलग्न (Google Form मा Upload) गर्नुपर्ने कागजातहरु

क. आवेदक आफैले प्रमाणित गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि।

ख. अनुसन्धान शोधकार्यका लागि सोधकर्तालाई विश्वविद्यालयले तोकेको निर्देशक, सल्लाहकार वा सम्बन्धित संकायको आधिकारिक सिफारिस पत्र।

ग. आवेदकको प्रकाशित शोधपत्र/जर्नल/अनुसन्धानमूलक लेख वा लिंक।

घ. अनुसन्धानवृत्तिको उपयोग र अनुसन्धान योजना सम्बन्धी अनुसन्धानकर्ताको सोच (२०० शब्दमा)।

ङ. विश्वविद्यालय/क्याम्पसमा पेश गरेको अनुसन्धान प्रस्तावको प्रमाणित प्रतिलिपि ।

च. सम्बन्धित विश्वविद्यालयको ग्रेडिङ प्रणाली र प्रतिशत खुल्ने कागजात ।

छ. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

## ३. शोध अनुदान रकम

क. स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई प्रतिव्यक्ति रू. १,००,०००/- (एक लाख रुपैंया मात्र) का दरले दुई जनालाई शोध अनुदान रकम उपलव्ध गराइनेछ।

ख. दर्शनाचार्य तहमा अध्ययनरत विद्यार्थीलाई प्रतिव्यक्ति रू. १,५०,०००/- (एक लाख पचास हजार रुपैंया मात्र) का दरले दुई जनालाई शोध अनुदान रकम उपलव्ध गराइनेछ।

ग. विद्यावारिधि अध्ययनरत विद्यार्थी/शोधार्थीलाई प्रतिव्यक्ति रू. २,५०,०००/- (दुई लाख पचास हजार रुपैंया मात्र) का दरले दुई जनालाई शोध अनुदान रकम उपलव्ध गराइनेछ।

## ४. प्रतिवेदन तथा सिफारिस

क. विश्वविद्यालयबाट सबै प्रकृया सम्पन्न भई अनुसन्धान शोधकार्य स्वीकृत भए पश्चात निष्कर्ष सहितको सारांश र शोधकार्यको एक प्रति आयोगमा पेश गर्नुपर्नेछ।

ख. शोधकर्ताले अनुसन्धान शोधकार्यको सम्बन्धमा तोकिएबमोजिम प्रस्तुतीकरण गर्नुपर्नेछ।

## ५. भुक्तानी सम्बन्धी व्यवस्था

क. छनौट भएका आवेदकलाई सम्झौता पश्चात छात्रवृत्ति रकमको पच्चिस प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराईने छ।

ख. शोधार्थीले अनुसन्धान शोधकार्य सम्पन्न गरी दफा ८ को (क) र (ख) बमोजिमका कार्यहरु गरी आयोगको कार्यालयमा बाँकी रकम भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

ग. छनौट तथा सिफारिस समितिबाट सोधपत्र स्वीकृत भए पश्चात आयोगबाट बाँकी रकम भुक्तानी हुनेछ।

## ६. विविध

क. शोधार्थीले आयोगमा पेश गर्नुपर्ने अनुसन्धानवृत्तिको उपयोग र अनुसन्धान योजना सम्बन्धी सोच, शोधपत्रको प्रस्ताव र शोधपत्र नेपाली र अङ्ग्रेजी मध्ये कुनै पनि भाषामा तयार गर्न सकिनेछ ।

ख. यस कार्यविधिको कार्यान्वयन र उमेद्वार छनौट सम्बन्धमा कुनै प्रकारको बाधा, अड्चन भएमा उमेद्वार छनौट तथा सिफारिस समितिको निर्णय अन्तिम हुनेछ।

**अनुसूची २**
**दफा ३(च) बमोजिमको**
**कबुलियतनामा**

श्री ...................... ............................ को नाति/नातिनी श्री ................. ........................को छोरा/छोरी जिल्ला....................... गा.वि.स./न.पा........................ .............. वडा नं .............. मा स्थायी बसोबास भएको मिति ............./......../..... मा जन्मेको म ....................................... अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौबाट भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनको क्षेत्रमा अनुसन्धान वृत्ति (Research Grant) अनुदान कार्यक्रमका लागि छनौट भई ................... ............. विश्वविद्यालयबाट स्नातकोत्तर/दर्शनाचार्य/विद्यावारिधि तहको लागि मिति २० / / मा स्विकृत ............................ ..................... ..................... ..................... ..................... ..................... विषयमा अनुसन्धान कार्य आजको मिति देखि २(दुई)/४(चार) वर्ष भित्रमा पुरा गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा बापतको सम्पूर्ण रकम बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाएँ ।

सोधवृत्ति पाउनेको,-
सहीः-
नामः-
सम्पर्क ठेगानाः-
टेलिफोन नम्बरः
मितिः-

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
| --- | --- |
| | |